# गण्डकी विश्वविद्यालय

# छात्रवृत्तिसम्बन्धी नियमावली, २०८३

गण्डकी विश्वविद्यालय
Gandaki University
स्था: वि.सं. २०७६/2019 AD
गण्डकी प्रदेश, नेपाल

स्वीकृत मितिः २०८३ श्रावण २३ गते

सदस्य सचिव, न्यायिक परिषद
गण्डकी विश्वविद्यालय

गण्डकी विश्वविद्यालय Gandaki University स्था: वि.सं. २०७६/2019 AD गण्डकी प्रदेश, नेपाल

# गण्डकी विश्वविद्यालय

# छात्रवृत्तिसम्बन्धी नियमावली, २०८३

**प्रस्तावना:** गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरी गण्डकी विश्वविद्यालयबाट प्रदान गरिँदै आएको छात्रवृत्ति प्रणालीलाई संस्थागत, व्यवस्थित, पारदर्शी, समावेशी तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, गण्डकी विश्वविद्यालय न्यासिक परिषद्ले देहायको "गण्डकी विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियमावली, २०८३" बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस नियमावलीको नाम "गण्डकी विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

(क) **"आर्थिक रूपले विपन्न"** भन्नाले प्रचलित कानूनबमोजिम गरिबीको परिचयपत्र प्राप्त गरेको वा त्यसरी परिचयपत्रको व्यवस्था नभएसम्मका लागि कानूनबमोजिम तोकिएभन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको खस-आर्य, मधेसी, मुस्लिम तथा विपन्न परिवार वा समुदायका व्यक्ति सम्झनुपर्छ।

(ख) **"उच्च शैक्षिक संस्था"** भन्नाले उच्च शिक्षासम्बन्धी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने विश्वविद्यालयका सङ्काय, स्कूल, आङ्गिक वा संयुक्त आङ्गिक कलेज तथा सम्बन्धन प्राप्त कलेज सम्झनुपर्छ।

(ग) **"कार्यकारी परिषद्"** भन्नाले गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा १० बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनुपर्छ।

(घ) **"कार्यक्रम"** भन्नाले विश्वविद्यालयको स्वीकृतिमा शैक्षिक उपाधि दिने प्रयोजनका लागि उच्च शैक्षिक संस्थाहरूले सञ्चालन गरेको सम्बन्धित विषयको कार्यक्रमसमेत सम्झनुपर्छ।

(ङ) **"डिन"** भन्नाले सङ्कायका प्रमुख सम्झनुपर्छ।

(च) **"न्यासिक परिषद्"** भन्नाले गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा ७ बमोजिम गठन भएको न्यासिक परिषद् सम्झनुपर्छ।

(छ) **"परीक्षा"** भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उम्मेदवार छनोट गर्न नियम ७ को उपनियम (१) बमोजिम लिइएको प्रवेश परीक्षा सम्झनुपर्छ।

(ज) **"परीक्षा नियन्त्रक"** भन्नाले विश्वविद्यालयको परीक्षासम्बन्धी कार्यको जिम्मेवारी वहन गर्ने परीक्षा नियन्त्रक सम्झनुपर्छ।



न्यासिक परिषद

(झ) **"मूल विषय"** भन्नाले छात्रवृत्तिका लागि दरखास्त आह्वान गर्दा सार्वजनिक रूपमा प्रकाशित सूचनामा तोकिएको विषय सम्झनुपर्छ।

(ञ) **"शिक्षक र कर्मचारी"** भन्नाले विश्वविद्यालयका आङ्गिक शैक्षिक संस्था तथा यसका विभिन्न निकायमा कार्यरत स्थायी वा पूर्णकालीन करार शिक्षक तथा कर्मचारी सम्झनुपर्छ।

(ट) **"स्थानीय छात्रवृत्ति"** भन्नाले विश्वविद्यालयको आङ्गिक कार्यक्रम, स्कूल, कलेज वा क्याम्पस सञ्चालन भएको स्थानीय तहको वडा तथा सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रभित्र स्थायी बसोबास गर्ने विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

(ठ) **"सामुदायिक विद्यालय"** भन्नाले सरकारी विद्यालय वा नेपाल सरकारको अनुदानमा, समुदायको आर्थिक सहयोगमा वा गुठीअन्तर्गत सञ्चालन भएका सार्वजनिक विद्यालय सम्झनुपर्छ। यस शब्दले समुदायलाई हस्तान्तरण गरिएको सरकारी विद्यालयलाई समेत जनाउनेछ।

(ड) **"छात्रवृत्ति"** भन्नाले नियम ४ बमोजिमका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

**(ढ) "छात्रवृत्ति छनोट समिति" भन्नाले नियम ६ बमोजिम गठन भएको छात्रवृत्ति छनोट** समिति सम्झनुपर्छ।

(ण) **"विश्वविद्यालय"** भन्नाले गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा ३ बमोजिम स्थापित "गण्डकी विश्वविद्यालय" सम्झनुपर्छ।

३. <u>उद्देश्य:</u> यस नियमावलीको उद्देश्य गण्डकी विश्वविद्यालयका विभिन्न तहमा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने शुल्क छुट तथा विभिन्न संस्था वा निकायबाट उपलब्ध गराइने आर्थिक सहयोग अर्थात्, छात्रवृत्तिको संस्थागत, पारदर्शी, व्यवस्थित र प्रभावकारी रूपमा व्यवस्थापन गर्नु रहेको छ।

४. <u>छात्रवृत्तिको प्रकार:</u> (१) गण्डकी विश्वविद्यालयले निम्न प्रकारका छात्रवृत्ति उपलब्ध गराउनेछ:

(क) खुला तथा विशेष छात्रवृत्ति,

(ख) समावेशी छात्रवृत्ति,

(ग) संस्थागत/प्रायोजक छात्रवृत्ति।

(२) गण्डकी विश्वविद्यालयले यस अन्तर्गत हाल सञ्चालनमा रहेका, भविष्यमा सञ्चालन हुने र भविष्यमा संयुक्त आङ्गिक वा सम्बन्धन प्राप्त कलेज/क्याम्पसहरूमा हुन सक्ने शैक्षिक कार्यक्रमहरूका लागि छात्रवृत्तिको कोटा निर्धारण गर्नेछ।

(३) सञ्चालनमा रहेका प्रत्येक शैक्षिक कार्यक्रमका लागि स्वीकृत कुल विद्यार्थी कोटालाई आधार मानी सो कोटामध्ये पन्ध्र प्रतिशत (१५%) कोटा निःशुल्क छात्रवृत्तिका लागि र थप दश प्रतिशत (१०%) कोटा पचास प्रतिशत (५०%) शुल्क छुट छात्रवृत्तिका लागि छुट्याइनेछ।

सचिव, न्यासिक परिषद
विश्वविद्यालय

(४) उपनियम (१) को खण्ड (क) बमोजिम प्रदान गरिने खुला छात्रवृत्तिका लागि विश्वविद्यालयमा सञ्चालनमा रहेका प्रत्येक शैक्षिक कार्यक्रममा एक-एक कोटा छुट्याइनेछ। उपनियम (१) को खण्ड (ख) र नियम ५ को उपनियम (२) को खण्ड (घ) बमोजिम प्रदान गरिने छात्रवृत्ति भने विश्वविद्यालय तहमा वितरण गरिनेछ।

(५) उपनियम (१) को खण्ड (ग) बमोजिमको छात्रवृत्ति देहायबमोजिम हुनेछः

(क) देशभित्र वा विदेशमा रहेका व्यक्ति, सङ्घ, संस्था, प्रतिष्ठान, कम्पनी वा अन्य निकायले विश्वविद्यालयमा अध्ययनरत वा अध्ययन गर्न इच्छुक विद्यार्थीको शैक्षिक शुल्क वा अन्य स्वीकृत शैक्षिक खर्च व्यहोर्ने गरी उपलब्ध गराउने आर्थिक सहयोगलाई यस नियमको प्रयोजनका लागि छात्रवृत्ति मानिनेछ। यस्तो छात्रवृत्ति प्रदान गर्न इच्छुक व्यक्ति वा संस्थाले छात्रवृत्तिको उद्देश्य, रकम, अवधि, लाभग्राही विद्यार्थीको सङ्ख्या तथा अन्य आवश्यक सर्तहरू उल्लेख गरी विश्वविद्यालयसँग अग्रिम सम्झौता गर्नुपर्नेछ।

(ख) यस छात्रवृत्ति अन्तर्गत प्राप्त रकम विश्वविद्यालयको खातामा जम्मा भएपछि छात्रवृत्ति प्रदान गर्ने व्यक्ति वा संस्थासँग भएको सम्झौता वा स्वीकृत छात्रवृत्तिका सर्तबमोजिम सम्बन्धित विद्यार्थीको शैक्षिक शुल्क वा अन्य स्वीकृत शैक्षिक खर्चमा विश्वविद्यालयले समायोजन तथा उपयोग गर्नेछ।

(ग) कुनै व्यक्ति वा संस्थाले निश्चित शैक्षिक कार्यक्रमका निंश्चित सिटमा विद्यार्थी अध्ययन गराउने उद्देश्यले छात्रवृत्ति प्रदान गर्न चाहेमा सम्बन्धित विद्यार्थीको प्रवेश परीक्षाको मिति वा भर्नाका लागि तोकिएको अन्तिम मितिभन्दा अगावै त्यस्तो छात्रवृत्तिबापतको रकम विश्वविद्यालयको खातामा जम्मा गरी छात्रवृत्तिबाट अध्ययन गराइने सिट सङ्ख्या विश्वविद्यालयसमक्ष लिखित रूपमा सुनिश्चित गर्नुपर्नेछ। यसरी रकम जम्मा गरी सिट सङ्ख्या सुनिश्चित नगरेसम्म त्यस्तो छात्रवृत्तिबापत सिट सुरक्षित भएको मानिने छैन।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाले विद्यार्थी विश्वविद्यालयमा भर्ना भइसकेपछि समेत त्यस्तो विद्यार्थीको सम्पूर्ण वा आंशिक शैक्षिक शुल्क व्यहोर्न चाहेमा विश्वविद्यालयले त्यस्तो आर्थिक सहयोग स्वीकार गर्न सक्नेछ। यसरी प्राप्त रकम सम्बन्धित विद्यार्थीको विश्वविद्यालयमा लाग्ने शुल्कमा समायोजन गरिनेछ।

५. <u>छात्रवृत्ति वितरण तथा आरक्षण गरिने:</u> (१) गण्डकी विश्वविद्यालयले निर्धारण गरेको छात्रवृत्तिमध्ये नियम ४ (१) (क) अनुसारको साठी प्रतिशत (६०%) खुल्ला तथा विशेष छात्रवृत्ति अन्तर्गत छुट्याइने छ र बाँकी चालीस प्रतिशत (४०%) समावेशी छात्रवृत्ति अन्तर्गत आरक्षण गरिनेछ।

(२) नियम ४ (१) (क) अनुसार खुल्ला तथा विशेष छात्रवृत्तिलाई निम्नानुसार विभाजन गरी वितरण गरिनेछः

(क) जेहनदार छात्रवृत्ति,

(ख) स्थानीय छात्रवृत्ति,

(ग) शिक्षक कर्मचारी परिवार छात्रवृत्ति र

(घ) खेलाडी छात्रवृत्ति (प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी, कोच वा रेफ्री)।

(३) छात्रवृत्ति छनोटका लागि प्रयोग गरिने प्रक्रिया पश्चात् योग्यताक्रम सूचीका आधारमा पूर्ण निःशुल्क र ५०% शुल्क छुट पाउने उम्मेदवारहरू छुट्याइनेछ। यदि जेहनदार छात्रवृत्ति प्राप्त गरेको विद्यार्थी यस नियमबमोजिम प्रदान गरिने अन्य कुनै छात्रवृत्तिका लागि छनोट भएमा, त्यस छात्रवृत्तिका लागि दोस्रो स्थानमा रहेको विद्यार्थीलाई उपनियम (२) को खण्ड (क) बमोजिमको छात्रवृत्ति प्रदान गरिनेछ। यसै नियमको उपनियम (२) को खण्ड (ख) र (घ) अन्तर्गतका कोटामा ५० प्रतिशत शुल्क छुट पाउने गरी उम्मेदवार छनोट गर्न यस व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन।

(४) उपनियम (२) को खण्ड (ख) का लागि तोकिएको छात्रवृत्ति स्थानीय तहको वडावासीलाई एक र प्रदेश निर्वाचन क्षेत्रका लागि एक कोटा छुट्याइनेछ। सो छात्रवृत्ति प्राप्त गर्नकालागि सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(५) उपनियम (२) को खण्ड (घ) बमोजिम प्रदान गरिने छात्रवृत्तिका हकमा प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडी, प्रशिक्षक वा रेफ्रीलाई क्रमशः पच्चीस प्रतिशत (२५%), पचास प्रतिशत (५०%) र शतप्रतिशत (१००%) छात्रवृत्ति प्रदान गरिनेछ।

(६) नियम ४ (१) (ख) अनुसारको समावेशी छात्रवृत्ति गण्डकी प्रदेशभित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SLCE) वा सो सरह उत्तीर्ण गरेका देहायका समुदाय तथा विपन्न व्यक्तिलाई आरक्षण गरिनेछ। आरक्षणभित्रको कोटालाई शतप्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा देहायबमोजिम आरक्षित समूहमा वितरण गरिनेछः

(क) आर्थिक रूपले विपन्नका लागि पच्चीस प्रतिशत (२५%)

(ख) महिलाका लागि तेत्तीस प्रतिशत (३३%)

(ग) आदिवासी/जनजातिका लागि सत्ताइस प्रतिशत (२७%)

(घ) दलितका लागि नौ प्रतिशत (९%)

(ङ) अपाङ्गता भएका व्यक्तिका लागि दुई प्रतिशत (२%)

(च) पिछडिएको क्षेत्र र मधेशीका लागि चार प्रतिशत (४%)

<u>स्पष्टीकरण:</u> (अ) नियम ४ को उपनियम (१) को खण्ड (ख) र नियम ५ को उपनियम (२) को खण्ड (ख) बमोजिम प्रदान गरिने छात्रवृत्तिका लागि गण्डकी प्रदेशभित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SLCE) उत्तीर्ण गरेका



प्राज्ञिक परिषद

योग्य उम्मेदवार उपलब्ध नभएमा मात्र गण्डकी प्रदेशभित्रका संस्थागत विद्यालयबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (SLCE) उत्तीर्ण गरेका योग्य उम्मेदवारलाई त्यस्तो छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

(आ) यस खण्डको प्रयोजनका लागि "पिछडिएको क्षेत्रका व्यक्ति" भन्नाले गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ का आधारमा "क" वर्गको पिछडिएको दुर्गम क्षेत्र समावेश गरिएको छ ("क" वर्गका स्थानीय तहहरू अनुसूची-२ मा दिइएको छ)।

(७) नियम ४ को उपनियम (१) को खण्ड (ग) बमोजिमको छात्रवृत्ति कोटा सोही उपनियमको खण्ड (क) र (ख) बमोजिमको छात्रवृत्ति कोटामा समावेश गरिने छैन। तर, उक्त छात्रवृत्तिमा भर्ना हुन चाहने उम्मेदवारले पनि तोकिएको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण हुनुपर्नेछ।

(८) नियम ५ को उपनियम (२) को खण्ड (ख) बमोजिमको स्थानीय छात्रवृत्ति विश्वविद्यालयको आङ्गिक कार्यक्रम, स्कुल, कलेज वा क्याम्पस सञ्चालन भएको स्थानीय तहको सम्बन्धित वडा तथा सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रभित्र स्थायी बसोबास गर्ने नागरिकलाई मात्र प्रदान गरिनेछ। यस्तो छात्रवृत्तिअन्तर्गत प्रत्येक कार्यक्रममा कम्तीमा एकवटा कोटा पूर्ण निःशुल्क छात्रवृत्तिका लागि छुट्याइनेछ। उक्त कोटालाई पचास-पचास प्रतिशत (५०/५०%) का दरले विभाजन गरी छात्रवृत्ति प्रदान गर्न बाधा पर्ने छैन।

(९) छात्रवृत्ति पाउने व्यक्तिले शैक्षिक संस्थामा अध्ययन गर्दा लाग्ने रजिस्ट्रेसन, परीक्षा शुल्क र धरौटी बाहेकका शुल्कहरूमा छुट पाउनेछ।

(१०) उपनियम (९) मा जेसुकै उल्लेख भए तापनि छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले अध्ययन अवधिभरको खाना, आवास, यातायात तथा अन्य फुटकर खर्च स्वयंले व्यहोर्नुपर्नेछ। साथै, सम्बन्धित विषयको पाठ्यक्रममा तोकिएबमोजिम शोधकार्य, प्रयोगात्मक अभ्यास तथा स्थलगत निरीक्षणका लागि लाग्ने शुल्क तथा खर्चसमेत विद्यार्थी स्वयंले व्यहोर्नुपर्नेछ। त्यस्ता खर्चमा आवास, खाना, पानी, खाजा लगायतका खर्च समावेश हुनेछन्। यातायात खर्चका सम्बन्धमा सम्बन्धित कार्यक्रमले व्यवस्था गरेबमोजिम हुनेछ। तर, प्रयोगात्मक अभ्यास तथा स्थलगत निरीक्षणका लागि लाग्ने शुल्क तथा खर्चका हकमा सशुल्क अध्ययन गर्ने विद्यार्थीका लागि तोकिएबमोजिम नै हुनेछ।

(११) आङ्गिक शैक्षिक संस्थाका प्रत्येक कार्यक्रमका लागि एक जना विद्यार्थीलाई सम्बन्धित निकाय प्रमुखले प्रथम सेमेस्टरमा प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा तथा त्यसपछिका प्रत्येक सेमेस्टरमा अघिल्लो सेमेस्टरको परीक्षाको नतिजाका आधारमा नियम ४ को उपनियम (१) को खण्ड (क) बमोजिमको जेहनदार छात्रवृत्ति प्रदान गर्नेछ। समान अङ्क प्राप्त गर्ने एकभन्दा बढी विद्यार्थी भएमा त्यस्तो छात्रवृत्ति दामासाहीका आधारमा प्रदान गरिनेछ। प्रवेश परीक्षाको योग्यताक्रमका आधारमा

दोस्रो स्थान प्राप्त गर्ने विद्यार्थीमध्ये कम्तीमा एक जना महिला वा पुरुष हुने गरी दुई जना विद्यार्थीलाई सम्बन्धित सेमेस्टरको शुल्कमा पचास प्रतिशत (५०%) छुट प्रदान गरिनेछ। त्यसपछिका सेमेस्टरमा पनि अघिल्लो सेमेस्टरको परीक्षाको नतिजाका आधारमा दोस्रो स्थान प्राप्त गर्ने दुई जना विद्यार्थीमध्ये कम्तीमा एक जना महिला वा पुरुष हुने गरी दुई जना विद्यार्थीलाई पचास प्रतिशत (५०%) छात्रवृत्ति प्रदान गरिनेछ। तर, नियम ४ को उपनियम (१) बमोजिम अन्य कुनै छात्रवृत्ति प्राप्त गरिरहेको विद्यार्थीलाई यस उपनियमबमोजिमको जेहनदार छात्रवृत्ति प्रदान गरिने छैन।

(१२) उपनियम (२) को खण्ड (ग) बमोजिमको छात्रवृत्ति विश्वविद्यालयका प्रत्येक आङ्गिक कार्यक्रमका लागि प्रदान गरिनेछ। यस उपनियमबमोजिम छात्रवृत्ति छनोट गर्दा नियम ८ बमोजिम सञ्चालन हुने छात्रवृत्ति छनोट परीक्षामा उत्तीर्ण भएका शिक्षक तथा कर्मचारीका पति वा पत्नी, छोरा वा छोरीमध्येबाट परीक्षाको योग्यताक्रमका आधारमा एक जना विद्यार्थी छनोट गरिनेछ। तर, यसरी प्रदान गरिने छात्रवृत्ति कुनै एक शिक्षक वा कर्मचारीको सेवा अवधिभर निजका पति वा पत्नी, छोरा वा छोरीमध्ये बढीमा दुई जनालाई मात्र प्रदान गरिनेछ।

६. <u>छात्रवृत्ति छनोट समितिः</u> (१) स्नातक तहका विभिन्न कार्यक्रम वा विषयमा छात्रवृत्तिको उम्मेदवार छनोट गर्ने प्रयोजनका लागि उपकुलपतिले देहायबमोजिमका सदस्यहरू रहेको छात्रवृत्ति छनोट समिति गठन गर्नेछ।

(क) सबै सङ्कायका डिनहरू,

(ख) परीक्षा नियन्त्रक,

(ग) सङ्कायहरूमध्येबाट वरिष्ठतम कार्यक्रम संयोजक वा स्कुल निर्देशक एक जना,

(घ) प्रमुख, विद्यार्थी कल्याण तथा सामाजिक मामिला, र

(ङ) प्रमुख, शैक्षिक प्रशासन शाखा (सदस्य सचिव)।

(२) शैक्षिक प्रशासन शाखाको प्रमुख पद रिक्त रहेको अवस्थामा उपकुलपतिले तोकेको अधिकृतस्तरको कर्मचारीले सदस्य सचिवको कार्य गर्नेछ।

(३) कुनै सङ्कायमा पूर्णकालीन डिन पदमा कार्यरत नभएको अवस्थामा निमित्त डिनले समितिको सदस्यको रूपमा कार्य गर्नेछ।

(४) उपनियम (१) बमोजिमका डिनहरूमध्येबाट उपकुलपतिले तोकेको एक जना डिन समितिको संयोजक हुनेछ। यसरी गठित विद्यार्थी भर्ना समिति पहिलो पटकका लागि विद्यार्थी भर्नासम्बन्धी कार्य सम्पन्न भएपछि छात्रवृत्ति छनोट समितिमा रूपान्तरण हुनेछ।

सदस्य सचिव, न्याासिक परिषद
गण्डकी विश्वविद्यालय

(५) छात्रवृत्ति छनोट समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। यसरी आमन्त्रित विशेषज्ञले समितिका अन्य सदस्यले पाएसरह बैठक भत्ता पाउनेछ।

(६) विश्वविद्यालयको सञ्चालनमा रहेका स्नातकोत्तर, एमफिल तथा विद्यावारिधि तहका कार्यक्रमहरूमा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी छनोटका लागि विश्वविद्यालयका उपकुलपतिबाट सम्बन्धित सङ्कायका डिनको संयोजकत्वमा र सोही सङ्कायको एक जना शिक्षक र एक जना कर्मचारी रहेको तीन सदस्यीय छात्रवृत्ति छनोट समिति गठन हुनेछ। डिन नभएको अवस्थामा निमित्त डिन संयोजक हुनेछ।

(७) छात्रवृत्ति छनोट समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(८) कुनै पनि तहको विद्यार्थी भर्ना वा छात्रवृत्ति छनोट प्रक्रियामा संलग्न समितिको कुनै सदस्यको पति वा पत्नी, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी वा एकाघरका अन्य सदस्य उम्मेदवार भएमा त्यस्तो सदस्य सम्बन्धित भर्ना वा छात्रवृत्ति छनोट प्रक्रियामा सहभागी हुन पाउने छैन।

७. <u>छात्रवृत्ति छनोट समितिको काम, कर्तव्य र अधिकार</u>: (१) छात्रवृत्ति छनोट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) शैक्षिक तह, विषय वा कार्यक्रमका लागि आवश्यक पाठ्यक्रम, भर्ना सङ्ख्या (कोटा) तथा नियम ५ बमोजिमको छात्रवृत्ति सङ्ख्या निर्धारण गर्ने;

(ख) प्रवेश परीक्षाको आवेदन दस्तुर विश्वविद्यालयसमक्ष स्वीकृतिका लागि सिफारिस गर्ने;

(ग) विद्यार्थी भर्ना तथा छात्रवृत्तिका लागि आवश्यक न्यूनतम योग्यता, आवेदन दिने अवधि, प्रवेश परीक्षाको मिति, समय, स्थान तथा अन्य आवश्यक विवरण निर्धारण गरी भर्ना तथा छात्रवृत्तिसम्बन्धी सूचना विश्वविद्यालयको वेबसाइट तथा अन्य उपयुक्त सञ्चार माध्यमबाट प्रकाशन गर्ने;

(घ) छात्रवृत्ति छनोट परीक्षा साथै प्रवेश परीक्षाका लागि पाठ्यक्रमबमोजिम प्रश्नपत्र निर्माण गर्न विषयगत विशेषज्ञहरूको सूची तयार गरी नियमित रूपमा अद्यावधिक गर्ने तथा प्रश्नपत्र तयार गराउने;

(ङ) आवेदन फाराम वितरण तथा सङ्कलन गर्ने र परीक्षार्थीलाई प्रवेशपत्र उपलब्ध गराउने;

(च) प्रवेश परीक्षा तथा छात्रवृत्ति छनोट परीक्षाको सञ्चालनसम्बन्धी आचारसंहिता तर्जुमा गरी लागू गर्ने;

सचिव, न्यायिक परिषद्
विश्वविद्यालय

(छ) आवश्यकता अनुसार छात्रवृत्तिका लागि छुट्टै छनोट परीक्षा सञ्चालन गर्ने तथा त्यसका लागि प्रश्नपत्र तयार गराउने;

(ज) परीक्षा सञ्चालनसम्बन्धी आचारसंहिता उल्लङ्घन गर्ने व्यक्ति वा परीक्षार्थीउपर प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गर्ने वा कारबाहीका लागि सिफारिस गर्ने;

(झ) प्रश्नपत्र छपाइ, सिट योजना (Seat Plan), केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, पर्यवेक्षक तथा सहयोगी कर्मचारीको नियुक्ति, प्रश्नपत्र वितरण, उत्तरपुस्तिका परीक्षण तथा परीक्षक नियुक्तिसहित परीक्षासम्बन्धी सम्पूर्ण व्यवस्थापन गर्ने;

(ञ) परीक्षा केन्द्र निर्धारण गरी परीक्षा सञ्चालन गर्ने;

(ट) आवश्यकता अनुसार उपसमिति गठन गरी तोकिएको कार्य समयमै तथा मर्यादित रूपमा सम्पन्न गराउने;

(ठ) छनोट भएका उम्मेदवारहरूको योग्यताक्रम प्रकाशित गर्ने;

(ड) योग्यताक्रमका आधारमा उम्मेदवार छनोट गरी सम्बन्धित सङ्कायमा भर्नाका लागि सिफारिस गरी पठाउने;

(ढ) छात्रवृत्ति र सशुल्क विद्यार्थीहरू भर्ना भए पश्चात् उनीहरूको अभिमुखीकरण गराउने;

(ण) परीक्षाफल प्रकाशित भएको दुई वर्षपछि आवश्यक मुचुल्का तयार गरी उत्तरपुस्तिका नष्ट गर्ने;

(त) छात्रवृत्ति छनोट समितिले यसै नियमावलीबमोजिमको स्नातक तहको भर्ना समिति समेतको कार्य गर्ने;

(थ) विद्यार्थी भर्ना तथा छात्रवृत्तिसम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

(२) छात्रवृत्ति छनोट परीक्षासम्बन्धी कार्य गर्दा र गराउँदा विशेषज्ञ तथा परीक्षामा संलग्न कर्मचारी र शिक्षकहरूलाई दिइने पारिश्रमिक परीक्षा नियन्त्रण कार्यालयले सञ्चालन गर्ने परीक्षाका लागि तोकेबमोजिमको पारिश्रमिकमा डेढ गुणा (१.५ गुणा) कायम गरी दिइनेछ।

८. <u>उम्मेदवारको छनोट प्रक्रिया:</u> (१) भर्ना एवं छात्रवृत्तिका लागि उम्मेदवार निम्न दुई प्रक्रियाबाट छनोट गरिनेछ:

(क) प्रवेश परीक्षा, र

(ख) शैक्षिक नतिजाको मूल्याङ्कन।

(२) प्रवेश परीक्षा कुल १५० पूर्णाङ्कको हुनेछ र वस्तुगत (MCQ) लिंखित परीक्षाका रूपमा सञ्चालन गरिनेछ। प्रवेश परीक्षामा सामान्य ज्ञान (General knowledge), भाषिक क्षमता (Language Ability), विश्लेषणात्मक तथा तार्किक क्षमता (Analytical & Logical Reasoning) र परिमाणात्मक योग्यता

(Quantitative Aptitude) लगायतका विषयहरू समावेश हुनेछन्। परीक्षामा समावेश गरिने विषय, प्रश्नको संरचना तथा अन्य सम्बन्धित व्यवस्था समितिले निर्धारण गरेबमोजिम हुनेछ। यस परीक्षामा प्राप्त गरेको अङ्कलाई कुल मूल्याङ्कनमा असी प्रतिशत (८०%) भार प्रदान गरिनेछ।

(३) छनोट प्रतियोगिताका लागि आवेदित तहभन्दा एक तह तल्लो तहको परीक्षामा प्राप्त गरेको प्रतिशत वा सञ्चित ग्रेड पोइन्ट औसत (Cumulative Grade Point Average, CGPA) का आधारमा अधिकतम बीस प्रतिशत (२०%) भार प्रदान गरिनेछ।

(४) उपनियम (३) बमोजिमको शैक्षिक नतिजाबाट प्राप्त अङ्क र प्रवेश परीक्षामा प्राप्त अङ्क जोड गरी कुल १०० पूर्णाङ्क कायम गरिनेछ। कुल प्राप्ताङ्कमध्ये ४० अङ्कलाई उत्तीर्णाङ्क मानी प्राप्ताङ्कका आधारमा योग्यताक्रम निर्धारण गरी नतिजा प्रकाशन गरिनेछ।

(५) नियम ५ को उपनियम (२) को खण्ड (घ) बमोजिम आवेदन दिने योग्य प्रत्येक उम्मेदवारलाई २०८३ सालको शैक्षिक सत्रका लागि आधिकारिक प्रमाणपत्रका आधारमा प्रदेशस्तरीय खेलाडी, प्रशिक्षक वा रेफ्रीको रूपमा एक पटक मात्र छात्रवृत्ति प्रदान गरिनेछ।

(६) नियम ५ को उपनियम (२) को खण्ड (घ) का लागि आवेदन दिएका उम्मेदवारका हकमा भने पहिलो एक पटक अर्थात् २०८३ सालको शैक्षिक सत्रका लागि मात्र आधिकारिक प्रमाणपत्रका आधारमा प्रदेशस्तरीय खेलाडी/कोच/रेफ्रीका लागि २५%, राष्ट्रियस्तरका खेलाडी/कोच/रेफ्रीका लागि ५०%, र अन्तर्राष्ट्रिय खेलाडी/ कोच/रेफ्रीका लागि १००% छात्रवृत्ति प्रदान गरिनेछ।

९. <u>सार्वजनिक रूपमा सूचना प्रकाशन गर्नुपर्ने:</u> (१) छात्रवृत्ति छनोट समितिद्वारा छात्रवृत्ति छनोटको लागि लिइने परीक्षामा उम्मेदवार हुनको लागि परीक्षा हुनुभन्दा कम्तीमा पनि ३० दिन अगाडि सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त आह्वान गर्नुपर्नेछ।

(२) उपनियम (१) अनुसार सार्वजनिक सूचना प्रकाशन गर्दा देहायबमोजिमका विषयहरू खुलाउनुपर्नेछ:

(क) नियममा उल्लेखित समूहका लागि सुरक्षित गरिएका छात्रवृत्तिको प्रतिशत तथा सिट सङ्ख्या,

(ख) छात्रवृत्तिका लागि उम्मेदवार हुन आवश्यक न्यूनतम शैक्षिक योग्यता,

(ग) छात्रवृत्तिका लागि दरखास्तसाथ पेस गर्नुपर्ने तोकिएबमोजिमका कागजातहरू,

(घ) उल्लेखित गरिएका छात्रवृत्तिका लागि दरखास्तसाथ पेस गर्नुपर्ने तोकिएबमोजिमका सिफारिसपत्र तथा अन्य कागजातहरू,

(ङ) दरखास्त फारामको ढाँचा,

(च) दरखास्त फाराम पाउने र बुझाउने स्थान,

(छ) दरखास्त दस्तुर,

सचिव, न्यासिक परिषद
...विश्वविद्यालय

(ज) दरखास्त बुझाउने अन्तिम मिति,

(झ) लिखित परीक्षाको किसिम,

(ञ) लिखित परीक्षाको परीक्षा केन्द्र र समय,

(ट) लिखित परीक्षा लिइने विषयहरू र तिनीहरूको अङ्क विभाजन,

(ठ) छात्रवृत्ति छनोटसम्बन्धी अन्य आवश्यक विषयहरू।

१०. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यता: (१) छात्रवृत्तिको दरखास्तको लागि देहायबमोजिम योग्यता र सर्तहरू पूरा भएको हुनुपर्नेछ:

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ।

(ख) विश्वविद्यालयले भर्ना हुनको लागि तोकेको न्यूनतम शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ।

(ग) स्नातक तहका विभिन्न कार्यक्रमका लागि माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (School Leaving Certificate Examination) वा सो सरहको तहमा सम्बन्धित विषय अध्ययन गरी देहायबमोजिमको न्यूनतम सञ्चित ग्रेड पोइन्ट औसत (Cumulative Grade Point Average, CGPA) प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ:

१) BSM कार्यक्रमका लागि कम्तीमा १.६०/४.०० CGPA,

२) BIT कार्यक्रमका लागि कम्तीमा २.००/४.०० CGPA,

३) BBA कार्यक्रमका लागि कम्तीमा १.८०/४.०० CGPA, र

४) BALLB कार्यक्रमका लागि कम्तीमा २.००/४.०० CGPA।

स्नातक तहका अन्य कार्यक्रमका लागि सम्बन्धित आयोग वा निकायले न्यूनतम शैक्षिक योग्यता तोकेको भए सोहीबमोजिम र त्यस्तो योग्यता नतोकिएको भए कम्तीमा १.८०/४.०० CGPA प्राप्त गरी उत्तीर्ण गरेको वा विश्वविद्यालयले निश्चित विषयका लागि तोकेको न्यूनतम योग्यता हुनुपर्नेछ। स्नातकोत्तर तहको कार्यक्रमका लागि स्नातक तहमा कम्तीमा २.००/४.०० CGPA वा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ। एमफिल तथा विद्यावारिधि तहका लागि स्नातकोत्तर तहमा कम्तीमा ३.००/४.०० CGPA वा उच्च द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ।

(घ) स्नातकोत्तर तथा एमफिल तहका छात्रवृत्तिका लागि आवेदन दिने उम्मेदवारले अध्ययन गरेको शैक्षिक संस्थाको प्रकार वा स्थानका सम्बन्धमा कुनै बन्देज हुनेछैन।

११. उम्मेदवारले पेस गर्नुपर्ने आवश्यक कागजातहरू: (१) सबै प्रकारका छात्रवृत्तिका लागि दरखास्त दिँदा दरखास्तसाथ देहायका कागजातहरू पेस गर्नुपर्नेछ:

(क) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ख) माध्यमिक शिक्षा परीक्षा (एसइई) वा सो सरहको परीक्षाको प्राप्ताङ्क विवरण (Transcript) र सम्बन्धित शैक्षिक संस्थाले प्रदान गरेको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई), कक्षा १२, दश जोड दुई, प्रमाणपत्र तह वा सो सरहको परीक्षाको प्राप्ताङ्क विवरण (Marksheet वा Transcript) र सम्बन्धित शैक्षिक संस्थाले प्रदान गरेको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्नातकोत्तर तथा एमफिल कार्यक्रमका लागि आवेदन दिने उम्मेदवारले खण्ड (क), (ख) र (ग) मा उल्लिखित कागजातका अतिरिक्त स्नातक तथा स्नातकोत्तर तहको Transcript र प्रमाणपत्र, Certificate वा Provisional Certificate को प्रतिलिपि,

(ङ) जुन तहको छात्रवृत्तिका लागि आवेदन दिने हो, सो तहका लागि आवश्यक पर्ने अघिल्लो शैक्षिक तहको अन्तिम वर्ष/सेमेस्टरको परीक्षाफल प्रकाशित नभएको वा परीक्षाफल प्रकाशित भए तापनि Transcript वा अन्य आवश्यक कागजात तत्काल पेस गर्न नसक्ने अवस्था भएमा, देहायमा उल्लिखित कागजातका आधारमा अस्थायी (Provisional) रूपमा आवेदन दिन सकिनेछ।

(अ) नागरिकताको प्रतिलिपि,

(आ) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई) वा कक्षा १२ वा सो सरहको परीक्षामा सम्मिलित भएको प्रवेशपत्र,

(इ) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई) वा कक्षा १२ वा सो सरहको उक्त वर्षको परीक्षाफल प्रकाशित भइसकेको खण्डमा माथि उल्लेखित (ख) र (ग) को सट्टामा मार्कसिट वा ट्रान्सक्रिप्ट,

(उ) स्नातकोत्तर र एमफिल कार्यक्रमको लागि आवेदन दिनेहरूले ट्रान्सक्रिप्ट र प्रमाणपत्र, मार्कसिट, चारित्रिक प्रमाणपत्र र सम्बन्धित तहको परीक्षामा सामेल भएको प्रमाण।

(२) उपनियम (१) बमोजिमका कागजातका अतिरिक्त उम्मेदवारले देहायबमोजिमको सिफारिस पेस गर्नुपर्नेछ:

(क) नियम ५ को उपनियम (२) को खण्ड (ख) बमोजिमको छात्रवृत्तिका लागि दरखास्त दिने उम्मेदवारले आफू स्थायी रूपमा बसोबास गरेको वडा कार्यालयबाट सम्बन्धित शैक्षिक कार्यक्रम सञ्चालन भएको वडा तथा प्रदेश निर्वाचन क्षेत्रको स्थायी बासिन्दा भएको व्यहोरा प्रमाणित हुने सिफारिस;

(ख) नियम ५ को उपनियम (२) को खण्ड (घ) बमोजिमको छात्रवृत्तिका लागि सम्बन्धित निकायबाट प्राप्त सिफारिस;

(ग) नियम ५ को उपनियम (६) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमको छात्रवृत्तिका लागि अनुसूची-३ बमोजिम सम्वन्धित स्थानीय तह, जिल्ला कार्यालय वा त्यस्तो सिफारिस प्रदान गर्ने सम्बन्धित कार्यालय वा निकायबाट प्राप्त सिफारिस।

(३) अपाङ्गता भएका व्यक्तिले चिकित्साशास्त्र, इन्जिनियरिङ वा अन्य प्राविधिक विषय अध्ययनका लागि दरखास्त दिन चाहेमा उपनियम (२) को खण्ड (ग) बमोजिमको सिफारिसका अतिरिक्त सरकारी अस्पताल/स्वास्थ्य संस्थामा कार्यरत दर्तावाल चिकित्सकबाट निज सम्बन्धित विषय अध्ययन गर्न सक्षम रहेको व्यहोरा खुल्ने सिफारिससमेत दरखास्तसाथ पेस गर्नुपर्नेछ।

**१२. <u>योग्यताक्रम प्रकाशन गर्ने:</u>** (१) निर्धारित सबै प्रक्रिया पूरा गरी नियम ९ बमोजिम प्राप्त आवेदनहरू एकीकृत गरी प्रवेश परीक्षामा प्राप्त गरेको अङ्क तथा पेस गरिएका आवश्यक कागजातहरूका आधारमा उम्मेदवारहरूको छात्रवृत्तिसम्बन्धी योग्यताक्रम सूची विश्वविद्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ।

(२) उपनियम (१) बमोजिम प्रकाशित योग्यताक्रम सूचीउपर दाबी-विरोधका लागि तोकिएको समय प्रदान गरिनेछ। सो अवधिमा प्राप्त दाबी-विरोधउपर आवश्यक छानबिन गरी अन्तिम योग्यताक्रम सूची प्रकाशन गरिनेछ।

(३) कुनै उम्मेदवारको नाम एकभन्दा बढी प्रकार/विषयको योग्यताक्रममा निस्केमा नियम ४ को उपनियम (१) एवं नियम ५ को उपनियम (२) को प्राथमिकताक्रम अनुसार छात्रवृत्ति निर्धारण गरिनेछ।

(४) प्रवेश परीक्षामा प्राप्ताङ्क बराबर भई योग्यताक्रम निर्धारण गर्न नसकेमा उम्मेदवारको एक तह मुनिको शैक्षिक योग्यतालाई आधार मानी योग्यताक्रम निर्धारण हुनेछ। त्यसो गर्दा पनि प्राप्ताङ्क बराबर भएमा उम्मेदवारका लागि तोकिएको न्यूनतम योग्यताभन्दा दुई तह मुनिको शैक्षिक योग्यतालाई आधार मानी योग्यताक्रम निर्धारण हुनेछ। यसरी पनि बराबर भएमा छात्रवृत्ति छनोट समितिले आधार निर्धारण गरी निर्णय गर्नेछ।

**१३. <u>विद्यार्थी छनोट गरी पठाउने:</u>** (१) विश्वविद्यालयले नियम १२ बमोजिम योग्यताक्रमका आधारमा छनोट गरिएका उम्मेदवारहरूको अभिलेख तथा नियम १४ बमोजिमका सर्तहरू समावेश गरी अनुसूची-४ को ढाँचामा गरिएको कबुलियतसहितका आवश्यक कागजात लिई पठनपाठन प्रारम्भ हुनुभन्दा अगावै विश्वविद्यालयको शैक्षिक प्रशासन शाखामार्फत सम्बन्धित शैक्षिक कार्यक्रममा पठाउनुपर्नेछ।

(२) उपनियम (१) अनुसार पठाएको विद्यार्थीले पछि कार्यक्रम र शैक्षिक संस्था परिवर्तन गर्न पाउने छैन।

(३) उपनियम (२) उल्लङ्घन गरेको पाइएमा निजको छात्रवृत्ति स्वतः रद्द हुनेछ।

सदस्य सचिव, न्यासिक परिषद
गण्डकी विश्वविद्यालय

(४) विश्वविद्यालयले छात्रवृत्ति प्राप्त विद्यार्थीलाई प्रति हप्ता अधिकतम बीस घण्टासम्म सेवा गर्ने गरी तोक्न सक्नेछ। उक्त सेवाबापत विश्वविद्यालयले तोकेबमोजिम पारिश्रमिक उपलब्ध गराउन सक्नेछ।

१४. <u>छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले पालना गर्नुपर्ने सर्तहरू:</u> (१) छात्रवृत्तिमा छनोट भएको उम्मेदवारले निम्न सर्तहरू पालन गर्ने गरी कबुलियत गर्नेछः

(क) छात्रवृत्तिको लागि छनोट भई भर्ना भएमा सम्बन्धित कार्यक्रम र शैक्षिक संस्था परिवर्तन नगरी तोकिएको शैक्षिक उपाधि हासिल गर्नुपर्नेछ।

(ख) तोकिएको कार्यक्रम अवधि भरी स्थानान्तरण प्रमाणपत्र (Migration Certificate) विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयमा रहनेछ र तोकिएको शैक्षिक उपाधि प्राप्त भएपछि मात्र विश्वविद्यालयले स्थानान्तरण प्रमाणपत्र जारी गर्नेछ। तर, अन्य विश्वविद्यालयमा अध्ययनको अवसर पाएमा विश्वविद्यालयले स्थानान्तरण प्रमाणपत्र दिन सक्नेछ र त्यसरी स्थानान्तरण प्रमाणपत्र माग गर्ने विद्यार्थीले चालु सेमेस्टर शुल्क एवं स्थानान्तरण प्रमाणपत्र शुल्क तिर्नुपर्नेछ।

(ग) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भई अध्ययन पूरा गरेपछि सम्बन्धित विद्यार्थीले आफूले प्राप्त गरेको सञ्चित ग्रेड पोइन्ट औसत (Cumulative Grade Point Average, CGPA) समेत उल्लेख गरी अनुसूची-५ बमोजिमको अध्ययन पूरा भएको प्रतिवेदन विश्वविद्यालयको शैक्षिक प्रशासन शाखामा पेस गर्नुपर्नेछ। उक्त प्रतिवेदनका आधारमा शैक्षिक प्रशासन शाखाको सिफारिसमा परीक्षा नियन्त्रण कार्यालयले सम्बन्धित विद्यार्थीलाई प्रमाणपत्र प्रदान गर्नेछ।

(घ) छात्रवृत्तिअन्तर्गत अध्ययन गर्ने विद्यार्थीले विश्वविद्यालय वा सम्बन्धित शैक्षिक संस्थाको प्रतिष्ठामा आँच पुग्ने कुनै किसिमको कार्य गर्न पाउने छैन।

(ङ) लामो समयसम्म बिरामी परेको वा अन्य असाधारण परिस्थिति उत्पन्न भएको अवस्थामा बाहेक, स्नातक तहमा लगातार तीन सेमेस्टरसम्म न्यूनतम SGPA २.०० कायम गर्न नसकेमा, स्नातकोत्तर तथा एमफिल तहमा लगातार दुई सेमेस्टरसम्म न्यूनतम SGPA ३.०० कायम गर्न नसकेमा वा वार्षिक प्रणालीअन्तर्गत सञ्चालन भइरहेको स्नातक तहको कार्यक्रममा लगातार दुई वर्ष अनुत्तीर्ण भएमा छात्रवृत्ति स्वतः रद्द हुनेछ। तर, त्यस्ता विद्यार्थीले निर्धारित शुल्क तिरी आफ्नो अध्ययन भने जारी राख्न सक्नेछन्। त्यसरी अध्ययन जारी राखेपछि पुनः तोकिएको न्यूनतम SGPA कायम गरेमा छात्रवृत्ति पुनः उपलब्ध गराउन सकिनेछ। यससम्बन्धी जानकारी सम्बन्धित शैक्षिक कार्यक्रमले शैक्षिक प्रशासन शाखालाई उपलब्ध गराउनुपर्नेछ।

सदस्य सचिव, प्राज्ञिक परिषद
गण्डकी विश्वविद्यालय

(२) छात्रवृत्तिमा छनोट भएको विद्यार्थीले अध्ययन बीचमै छाडेमा वा भर्ना भएको कार्यक्रम तथा शैक्षिक संस्थामा अध्ययन गर्न नगएमा त्यस्तो विद्यार्थीले भविष्यमा सोही अध्ययनलाई निरन्तरता दिन सक्ने छैन र विश्वविद्यालयको कुनै पनि छात्रवृत्तिका लागि पुनः दरखास्त दिन पाउने छैन।

(३) छात्रवृत्तिमा छनोट भई अध्ययन पूरा गरेका व्यक्तिलाई विश्वविद्यालयले विश्वविद्यालय, प्रदेश वा देशका विभिन्न क्षेत्रमा गई सेवा गर्न प्रोत्साहित गर्नेछ। त्यस्तो सेवा गर्न चाहने व्यक्तिलाई विश्वविद्यालयले प्रचलित नियम, कार्यविधि तथा निर्देशिकाको अधीनमा रही तथा उपलब्ध स्रोत र साधनले भ्याएसम्म आवश्यक सहयोग गर्न सक्नेछ।

(४) विश्वविद्यालयलाई आवश्यक परेमा छात्रवृत्तिमा अध्ययन गरेका व्यक्तिलाई नियम १४ को उपनियम (१) को खण्ड (ग) बमोजिम अध्ययन पूरा भएको प्रतिवेदन पेस गरेको मितिले एक वर्षभित्र विश्वविद्यालयले तोकेको पारिश्रमिक तथा सुविधा उपलब्ध गराई बढीमा एक वर्षसम्म काममा लगाउन सक्नेछ। यसरी आफ्नो योग्यता र विश्वविद्यालयको आवश्यकताअनुसार विश्वविद्यालयले काममा लगाउन चाहेमा छात्रवृत्तिमा छनोट भई अध्ययन पूरा गरेका व्यक्तिले यस उपनियमबमोजिम विश्वविद्यालयको सेवा गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिमको सर्त पूरा नगर्ने व्यक्तिलाई विश्वविद्यालयले भविष्यमा उच्च अध्ययनका लागि छात्रवृत्ति तथा विश्वविद्यालयको सेवाका लागि आवश्यक पर्ने सिफारिस तथा अन्य कागजात उपलब्ध नगराउन सक्नेछ।

१५. <u>सङ्क्रमणकालीन व्यवस्था:</u> शैक्षिक सत्र २०८३ फल सेमेस्टर (जुलाई-अगस्त) को भर्ना यो नियमावली लागू हुनुअघि सम्पन्न भइसकेको तर गण्डकी विश्वविद्यालय छात्रवृत्ति कार्यविधि, २०७८ का आधारमा यस वर्षको छात्रवृत्तिको आवेदन माग गर्नु अगाडि नै यो नियमावली लागू भइसकेकोले वर्ष २०८३ को फल सेमेस्टरका छात्रवृत्तिको लागि आवेदन गर्ने योग्य उम्मेदवार विश्वविद्यालयले तोकेको समयमा प्रवेश परीक्षा लिई मिति २०८३ भाद्र मसान्तसम्ममा भर्ना भइसकेका विद्यार्थीहरूले मात्र यसै नियमावलीका आधारमा छात्रवृत्ति छनोट प्रक्रियामा सामेल हुन सक्नेछन्। स्प्रीङ (फेब्रुअरी-मार्च) सेमेस्टरमा भर्ना हुने आवेदकका हकमा भने यसै नियमावलीका आधारमा भर्ना हुनुभन्दा पहिले नै प्रवेश परीक्षासँगै छात्रवृत्ति छनोट प्रक्रियामा सामेल हुनुपर्नेछ।

१६. <u>खारेजी र बचाउ:</u> यो नियमावली लागू हुनुअघि गण्डकी विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी भए गरेका कामकारबाही यसै नियमावलीबमोजिम भए गरेको सरह मानिनेछ।

१७. <u>विविध:</u> (१) भर्ना र छात्रवृत्ति समितिको बैठक भत्ता विश्वविद्यालयले तोकेबमोजिम हुनेछ।

(२) यस नियमावलीबमोजिम सञ्चालन गरिएको परीक्षाको उत्तरपुस्तिका गोप्य रहनेछ।

सदस्य सचिव, न्यासिक परिषद
गण्डकी विश्वविद्यालय

(३) शैक्षिक प्रशासन शाखाले तोकेको ढाँचामा सम्बन्धित शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित डिनको कार्यालयले प्रत्येक सेमेस्टरको अन्त्यमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको विवरण तथा प्रगति प्रतिवेदन शैक्षिक प्रशासन शाखामा पठाउनुपर्नेछ।

१८. <u>नियमको व्याख्या तथा बाधा-अड्काउ फुकाउने अधिकार:</u> यस नियमावलीको व्याख्या गर्ने तथा यसको कार्यान्वयनका क्रममा कुनै बाधा-अड्काउ उत्पन्न भएमा त्यस्तो बाधा-अड्काउ फुकाउने अधिकार कार्यकारी परिषद्मा हुनेछ।

१९. <u>कार्यविधि तथा निर्देशिका बनाउन सक्ने:</u> यस नियमावलीको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका कार्यकारी परिषद्ले बनाउन सक्नेछ।

सदस्य सचिव, न्यासिक परिषद
गण्डकी विश्वविद्यालय

गण्डकी विश्वविद्यालय Gandaki University स्था. वि.सं. २०७६/2019 AD गण्डकी प्रदेश, नेपाल

अनुसूची-१

नियम ४ (१) (क), (ख) र (ग) सँग सम्बन्धित

रसिद नं. ..............................

मितिः २०...... |... |....

| कार्यालय प्रयोजनका लागि |
|---|
| दर्ता नं. |
| मितिः |
| रोल नम्बरः |

Gandaki University
गण्डकी विश्वविद्यालय

# छात्रवृत्ति दरखास्त फाराम

| |
|---|
| दुबै कान देखिने हालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी मुखाकृत नबिग्रने गरी फोटो र फाराममा पर्ने गरी दस्तखत गर्ने |

श्रीमान् संयोजकज्यू,
छात्रवृत्ति छनोट समिति
गण्डकी विश्वविद्यालय
शैक्षिक प्रशासन शाखा, ज्ञानकुञ्ज, मालमुल, पोखरा-३२
गण्डकी प्रदेश, नेपाल।

त्यस कार्यालयबाट मिति .................. मा प्रकाशित सूचना अनुसार निम्नबमोजिम विवरण खोली दरखास्त पेस गरेको छु।

(१) नाम, थर (नोटः नाम र थर बीचको एक कोठा खाली छोड्नुहोस्। अङ्ग्रेजीमा सबै BLOCK LETTER मा लेख्नुहोला।)

| | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपालीमाः | | | | | | | | | | | | | | | | | | | | | | | |
| अङ्ग्रेजीमाः | | | | | | | | | | | | | | | | | | | | | | | |

(२) उम्मेदवारको

| राष्ट्रिय परिचयपत्र नम्बर | नागरिकता नम्बर | जारी भएको जिल्ला | जारी भएको मिति |
|---|---|---|---|
| | | | |

विदेशी नागरिक भएमा

| राष्ट्रिय परिचयपत्र नम्बर (भएमा) | पासपोर्ट नम्बर | जारी भएको मिति | मान्यता रहने मिति |
|---|---|---|---|
| | | | |

(३) लिङ्गः महिला ☐ पुरुष ☐ अन्य ☐

(४) स्थायी ठेगानाः जिल्लाः ......... गापा/नपा/उमनपा/मनपा ............. वडा नं. ....
टोल/गाउँ..............

सदस्य सचिव, न्यासिक परिषद
गण्डकी विश्वविद्यालय

(५) हालको ठेगानाः जिल्लाः ......... गापा/नपा/उमनपा/मनपा .............. वडा नं. ....
टोल/गाउँ..............

NRN तथा विदेशी नागरिकका लागिः

House No.: .... ......; Street No.: .....................; Lane: ......................;
District: .........................; Province/State: ................; Country...................

(६) सम्पर्क फोन नं. मोबाइल नं.

(७) बाबुको नामः .................................. आमाको नामः ........................................

(८) बाजेको नामः ..........................................

(९) स्थानीय अभिभावकको नामः .......................... मोबाइल नं. ..................................

ठेगानाः जिल्लाः ............ गापा/नपा/उमनपा/मनपा .............. वडा नं. ....
टोल/गाउँ..............

(१०) एसएलसीई कुन विद्यालयबाट उत्तीर्ण भएको हो? तल कोष्ठमा √ चिन्ह लगाउनुहोस्।

सरकारी/सामुदायिक/गुठी ☐ संस्थागत/निजी ☐

११) भर्नाका लागि आवेदन गर्न चाहेको सशुल्क भर्ना तथा छात्रवृत्ति कुन हो? तलको कोष्ठमा √ चिन्ह लगाउनुहोस्।

क. सशुल्क भर्ना ☐ बुँदा १३ मा जानुहोस्। ख. छात्रवृत्ति ☐

(१२) आवेदन गर्न चाहेको छात्रवृत्ति र आरक्षित समूहका लागि कोष्ठमा √ चिन्ह लगाउनुहोस्।

नियम ४ (१) (क) र नियम ५ (२) अनुसार खुल्ला तथा जेहनदार छात्रवृत्तिः

क. जेहनदार ☐ ख. स्थानीय ☐

ग. शिक्षक, कर्मचारी परिवार ☐

घ. अन्तर्राष्ट्रिय/राष्ट्रिय व्यक्तित्व छात्रवृत्ति (खेलाडी-कोच-रेफ्री आदि) ☐

नियम ४ (१) (ख) र नियम ५ (६) अनुसार आरक्षित छात्रवृत्तिः

क. आर्थिक रूपले विपन्न ☐ ख. महिला ☐

ग. आदिवासी/जनजाति ☐ घ. दलित ☐

ङ. अपाङ्गता भएका व्यक्ति ☐ च. पिछडिएको क्षेत्र र मधेशी ☐

नियम ४ (१) (ग) अनुसारको छात्रवृत्ति

क. संस्थागत/प्रायोजक छात्रवृत्ति

गण्डकी विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियमावली, २०८३ को नियम ५ बमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा सार्वजनिक विद्यालयबाट एसईई उत्तीर्ण गरेका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था भए तापनि उक्त कोटामा छात्रवृत्ति प्राप्त गर्ने योग्य विद्यार्थी उपलब्ध नभई कोटा रिक्त रहन गएमा संस्थागत विद्यालयबाट एसईई उत्तीर्ण गरेका विद्यार्थीलाई समेत छात्रवृत्ति उपलब्ध गराउन सकिनेछ।

(१३) अध्ययन गर्न चाहेको तल उल्लेखित सङ्कायहरूमध्ये कुनै एउटा सङ्काय उल्लेख गर्नुहोस्।

| | | | | |
|---|---|---|---|---|
| (१) | विज्ञान तथा प्रविधि सङ्काय | (२) | कानुन तथा व्यवस्थापन सङ्काय | |

| | (क) आइटी BIT | | (क) समूह "क" — BSM | (ख) समूह 'ख' — BBA | (ग) समूह 'ग' — BALLB |
|---|---|---|---|---|---|

(१४) शैक्षिक योग्यतासम्बन्धी विवरण: आफ्नो शैक्षिक योग्यतासम्बन्धी विवरण तलको तालिकामा भर्नुहोस्।

| उत्तीर्ण गरेको परीक्षा | शिक्षण संस्थाको नाम | शिक्षण संस्थाको ठेगाना | उत्तीर्ण साल | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| एसईई वा सो सरह | | | | | | | |
| एसएलसीई वा सो सरह | | | | | | | |
| स्नातक तह | | | | | | | |
| स्नातकोत्तर तह | | | | | | | |

(१५) संलग्न गर्नुपर्ने कागजातहरूमा (√) चिन्ह लगाउने।

स्पष्टीकरण: यस फाराममा उल्लिखित बुँदा नं. ५, ६ र ११ मा उल्लेख गरिएका कागजातहरू संस्थागत वा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीले पेस गर्नुपर्ने छैन।

| कागजातहरू | √ | कागजातहरू | √ |
|---|---|---|---|
| १) आवेदन दस्तुर बुझाएको रसिद | | २) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |
| ३) एसईई लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि | | ४) एसएलसीई लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि | |
| ५) एसएलसी/एसईई उत्तीर्ण गरेको विद्यालय सार्वजनिक, सामुदायिक, गुठी वा नेपाल सरकारको अनुदानमा सञ्चालित विद्यालय भएको व्यहोरा खुल्ने सिफारिस पत्र। | | ६) विपन्नताको (आर्थिक) सिफारिस पत्र (छात्रवृत्तिका लागि मात्र) | |
| ७) एसएलसीई वा प्रमाणपत्र तह वा सो सरहको लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि अथवा जुन तहको छात्रवृत्तिको लागि आवेदन गर्ने हो सोभन्दा अघिल्लो तहको अन्तिम वर्षको परीक्षाफल प्रकाशित नभएको वा भएतापनि ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र वा अन्य कागजातहरू पेस गर्न नसक्ने अवस्था भएमा देहायमा उल्लेख भएका कागजातका प्रमाणित प्रतिलिपि | | | |
| (क) उम्मेदवारले कक्षा ११ उत्तीर्ण गरेको प्रमाण खुल्ने लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि। | | | |
| (ख) कक्षा १२ को परीक्षामा सम्मिलित भएको प्रवेशपत्र वा मार्कसिट | | | |
| ८) नेपाल बाहिरका बोर्ड तथा विश्वविद्यालयबाट उत्तीर्ण गरेको भए समकक्ष निर्धारण भएको प्रमाणित प्रतिलिपि | | | |
| ९) शिक्षण संस्थाबाट प्राप्त चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | | | |
| १०) प्रमाणपत्रमा प्रतिशत नखुलेको भए खुलाएको प्रमाणित प्रतिलिपि | | | |
| ११) आरक्षण समूहका आवेदकले पेस गर्नुपर्ने भनी उल्लेख गरिएका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि तथा सक्कल सिफारिसपत्र पेस गर्नुपर्नेछ। | | | |

माथि उल्लिखित विवरण तथा यस निवेदनसाथ पेस गरिएका कागजातहरू सत्य, सही र पूर्ण छन्। उल्लिखित विवरण वा पेस गरिएका कागजातमध्ये कुनै कुरा झुट्टा वा गलत ठहरिएमा प्रचलित कानूनबमोजिम हुने सजाय भोग्न मञ्जुर छु। रीत नपुगेको, गलत वा झुट्टा विवरणसहित पेस गरिएको निवेदन कुनै पनि समयमा रद्द गरिएमा सो सम्बन्धमा कुनै किसिमको दाबी-विरोध गर्ने छैन। साथै, **गण्डकी विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियमावली, २०८३** मैले पढेको छु, यसको अर्थ र मर्म बुझेको छु र उक्त नियमावलीका प्रावधानहरू पालना गर्न मेरो पूर्ण मञ्जुरी रहेको छ।

(१६) उम्मेदवारको दस्तखत: ____________

उम्मेदवारको ल्याप्चे सहीछाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

मिति: ................................

(१७) अभिभावकको जानकारी र सहमित: मेरो ............................. [नाता/सम्बन्ध लेख्ने] ले यस छात्रवृत्ति फाराम भरी गण्डकी विश्वविद्यालयमा पेस गर्न लागेको विषय मलाई जानकारी छ र यसमा उल्लेखित सर्तहरूको पनि जानकारी र सोमा सहमति भएकोले रोहबरमा साक्षी बसी दस्तखत गर्छु।

नामः ..........................................

परिचयपत्र नम्बरः ...-...-...-.ठेगानाः

. ..........................................

मो. नं.: .................................

अभिभावकको दस्तखतः................................

मिति: ................................

सदस्य सचिव, न्यासिक परिषद
गण्डकी विश्वविद्यालय

अनुसूची-२

(नियम ५ को उपनियम (६) सँग सम्बन्धित)

(क) **पिछडिएको क्षेत्र:** गण्डकी प्रदेश सरकार लोकसेवा आयोगको स्थानीय तह वर्गीकरण सूचक अनुसार "क" वर्गका अति दुर्गम वा पिछडिएको क्षेत्र निम्नानुसार हुनेछ।

(१) मनाङः नार्पभूमि, नाशों, निश्याङ र चामे गाउँपालिका;

(२) मुस्ताङः लोमान्थाङ, लोघेकर दामोदरकुण्ड, बारागुङ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिका;

(३) म्याग्दीः अन्नपूर्ण, धवलागिरी, मालिका, मङ्गला र रघुगङ्गा गाउँपालिका;

(४) बागलुङः तमानखोला र निसीखोला गाउँपालिका;

(५) गोरखाः चुमुनुब्री, धार्चे, अजिर्कोट र बारपाक सुलीकोट गाउँपालिका।

स्पष्टीकरणः नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा गण्डकी प्रदेशले दुर्गमको सूचीमा हेरफेर गरेमा यो प्रावधानमा पनि सोहीअनुसार अद्यावधिक गरिनेछ।

सदस्य सचिव, न्यासिक परिषद
गण्डकी विश्वविद्यालय

गण्डकी विश्वविद्यालय
Gandaki University
स्था. वि.सं. २०७६/2019 AD
गण्डकी प्रदेश, नेपाल

अनुसूची-३

(नियम ५ (४) र (६) सँग सम्बन्धित)

श्रीमान् संयोजक
छात्रवृत्ति छनोट समिति
गण्डकी विश्वविद्यालय
पोखरा, नेपाल।

विषयः सार्वजनिक विद्यालयबाट एसएलसीई उत्तीर्ण गरेको र समावेशिताका लागि सिफारिस सम्बन्धमा।

*छात्रवृत्तिका लागि आवेदन गर्ने उम्मेदवारको विवरणः*

श्री ........................................... को नाति/नातिनी श्री ........................................ को छोरा/छोरी ...................... जिल्ला .................................. गापा/नपा/उमनपा/मनपा वडा नं......... बस्ने ............................................ [सिफारिस प्राप्त गर्ने व्यक्तिको नाम]।

आवेदकको नागरिकता नं. .................................. राष्ट्रिय परिचयपत्र नं. ..................................।

| प्रमाणित गरेको तथा सिफारिस गर्ने विषय | प्रमाणित/सिफारिस गरेको व्यहोरा |
|---|---|
| सार्वजनिक/सामुदायिक विद्यालय/गुठी/नेपाल सरकारको अनुदानमा सञ्चालन भएको विद्यालय भएको प्रमाणपत्र | आवेदक मिति .......................देखि ...................... सम्म ........................ यस विद्यालयमा अध्ययन गरी एसएलसीई उत्तीर्ण गरेका विद्यार्थी हुन्। यो विद्यालय सार्वजनिक/सामुदायिक विद्यालय/गुठी/नेपाल सरकारको अनुदानमा सञ्चालन भएको विद्यालय भएको प्रमाणित गराइन्छ। |
| अपाङ्गता भएको व्यक्ति भएको प्रमाणपत्र | |
| दलित समुदायको व्यक्ति भएको प्रमाणपत्र | |
| थारु समुदायको व्यक्ति भएको प्रमाणपत्र | |
| मुस्लिम समुदायको व्यक्ति भएको प्रमाणपत्र | |
| पिछडिएको क्षेत्रको नागरिक भएको प्रमाणपत्र | |
| मधेशी भएको प्रमाणपत्र | |
| आदिवासी/जनजाति भएको प्रमाणपत्र | |
| आर्थिक रूपले विपन्न भएको प्रमाणपत्र | |

| सिफारिस गर्नेकोः | | कार्यालयको छापः |
|---|---|---|
| दस्तखतः | ______________________ | |
| नामः | | |
| पदः | | |
| कार्यालयः | | |
| मितिः | | |



...व्यासिक परिषद

गण्डकी विश्वविद्यालय Gandaki University स्था: वि.सं. २०७६/2019 AD गण्डकी प्रदेश, नेपाल

अनुसूची-४

(नियम १३ (१) सँग सम्बन्धित)

# गण्डकी विश्वविद्यालय छात्रवृत्ति स्वीकार गर्ने कबुलियतनामा

श्री ............................ को नाति/नातिनी श्री ................ को छोरा/छोरी .................... जिल्ला ....................... गापा/नपा/उमनपा/मनपा ..... वडामा मिति ...................................... मा जन्म भएको म ............................ ......................गण्डकी विश्वविद्यालयबाट मिति...................... मा .......................... कार्यक्रमको ...................... (शैक्षिक संस्था) मा अध्ययन गर्नको लागि छात्रवृत्तिमा छनोट भएकोले अध्ययन अवधि र अध्ययन पूरा भएपछि गण्डकी विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियमावली, २०८३ को नियम १४ बमोजिमका सर्तहरू पालना गर्ने प्रयोजनका लागि यो कबुलियतनामा गरी गण्डकी विश्वविद्यालयको शैक्षिक प्रशासन शाखा, ज्ञानकुञ्ज, मालमुल, पोखरा-३२ मा पेस गरेँ।

छात्रवृत्ति पाउनेको:

दस्तखत: ____________________ मिति: ____________________

नाम: ____________________

नागरिकता प्रमाणपत्र नम्बर: ____________________ राष्ट्रिय परिचयपत्र नम्बर: ____________________

साक्षी:

दस्तखत: ____________________ मिति: ____________________

नाम: ____________________ मो. नं.: ____________________

ठेगाना: ____________________ ____________________

नागरिकता प्रमाणपत्र नं.: ____________________ राष्ट्रिय परिचयपत्र नम्बर: ____________________

सदस्य सचिव, न्यासिक परिषद
गण्डकी विश्वविद्यालय

गण्डकी विश्वविद्यालय
Gandaki University
स्था: वि.सं. २०७६/2019 AD
गण्डकी प्रदेश, नेपाल

अनुसूची-५

(नियम १४ (१) को खण्ड (ग) सँग सम्बन्धित)

## अध्ययन पूरा गरेको प्रतिवेदन

श्रीमान् डिन/कार्यक्रम संयोजक

............सङ्काय/............कार्यक्रम

गण्डकी विश्वविद्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल।

विषय: अध्ययन पूरा गरेको प्रतिवेदन।

गण्डकी विश्वविद्यालयबाट शैक्षिक सत्र ....................मा .................... सङ्कायको ...................... कार्यक्रमको लागि छात्रवृत्तिमा छनोट भई अध्ययन गरेकोमा सो अध्ययन सम्पन्न गरेकोले निम्न विवरणसहितको यो प्रतिवेदन पेस गरेको छु।

(क) अध्ययन गरेको कार्यक्रम/विषय: ..................................................................

(ख) अध्ययन गरेको संस्थाको नाम र ठेगाना: ......................................................

(ग) हासिल गरेको शैक्षिक योग्यता: ...........................................................

(घ) अध्ययन समाप्त भएको मिति: .........................................

(ङ) अध्ययन अवधिभर अध्ययन संस्थामा प्रयोग भएको पाठ्यक्रम:
(ट्रान्सक्रिप्ट तथा मार्कसिट पेस गर्ने)

(च) अध्ययन गर्दा आई परेका समस्याहरू: (परिशिष्ट १ मा लेख्ने)

(छ) अध्ययन वा तालिम अवधिमा कुनै मान, पदवी वा पुरस्कार प्राप्त गरेको भए सोको विवरण (प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने): (परिशिष्ट २ मा लेख्ने)

(ज) अध्ययनका क्रममा सिकेका पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापसँग सम्बन्धित प्रमुख विषयहरू: (परिशिष्ट ३ मा लेख्ने)

(झ) अन्य कुनै सुझाव भए: (परिशिष्ट ४ मा लेख्ने)

**प्रतिवेदन पेस गर्नेको:**

सही: ____________________________

नाम: ...........................................

ठेगाना: ........................................... ...........................................

मिति: ...........................................

सदस्य सचिव, न्यायिक परिषद
गण्डकी विश्वविद्यालय